# स्थानीय राजपत्र


## उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित

खण्ड : ४ | संख्या : १ | मिति : २०७७/०३/२२


# भाग - २

# शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापन कार्यविधि, २०७७

उमाकुण्ड गाउँपालिकाको शिक्षा ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका भित्रको सामुदायिक विद्यालयहरुमा कार्यरत् शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी गम्भिर प्रकृतिको रोग तथा दुर्घटना भई उपचारमा समस्या उत्पन्न भएमा सहयोग गर्नका लागि शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको समेत सहभागित हुने गरी शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापनागर्न यो कार्यविधि निर्माण गरि सवैको जानकारीको लागी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।

# शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापन कार्यविधि, २०७७

**परिचयः**

उमाकुण्ड गाउँपालिकाको शिक्षा ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका भित्रको सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी गम्भिर प्रकृतिको रोग तथा दुर्घटना भई उपचारमा समस्या उत्पन्न भएमा सहयोग गर्नका लागि शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको समेत सहभागित हुने गरी शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापनागर्न यो कार्यविधि बनाइएको छ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नामः शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापना कार्यविधि-२०७७ रहनेछ।

ख. यो कार्यविधि उमाकुण्ड गाउँपालिका भित्रको सामुदायिक विद्यालयहरुमा कार्यरत् शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुलाई मात्र लागू हुनेछ।

ग. यो कार्यविधि उमाकुण्ड गाउँपालिकाको कार्यपालिका बैठकबाट पारित भए पछि मात्र लागू हुनेछ।

२. **परिभाषाः**

क. “ऐन” भन्नाले उमाकुण्ड गाउँपालिका शिक्षा ऐन, २०७६ सम्भिनुपर्नेछ।

ख. “गाउँपालिका” भन्नाले उमाकुण्ड गाउँपालिकालाई सम्झनुपर्दछ।

ग. “कार्यपालिका” भन्नाले उमाकुण्ड गाउँ कार्यपालिकालाई सम्भनुपर्दछ।

घ. “अध्यक्ष” भन्नाले उमाकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्भनुपर्दछ।

ङ. “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्भनु पर्छ।

च. “शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता” भन्नाले उमाकुण्ड गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत् स्थायी, अस्थायी, राहत, करार दरबन्दीका शिक्षक, विद्यालयका लेखा कर्मचारी, कार्यालय सहयोगी र बाल विकास सहजकर्तालाई बुझाउँदछ।

छ. “समिति” भन्नाले शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष समितिलाई बुझाउँदछ।

ज. “परिवार” भन्नाले शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताको पति वा पत्नी, एउटै घरमा बस्ने अविवाहित छोरा छोरीलाई सम्भनुपर्दछ।

झ. “कोष” भन्नाले शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष सम्भनुपर्दछ।

## परिच्छेद २

३. **कोषको व्यवस्थाः**

क. शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोषमा गाउँपालिकाले प्रत्येक वर्ष ३,००,०००/- (अक्षरुपी तीन लाख) रकम ३ वर्ष सम्म मात्र जम्मा गर्नेछ र यस कोषमा आवद्ध शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुले मासिक रुपमा

प्रति शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताबाट रु १०० (अक्षरुपी एकसय) रुपैयाँ सोकोषमा जम्मा गर्नु पर्नेछ।

ख. शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताबाट कोषमा जम्मा हुने रकम चौमासिक रुपमा खातामा जम्मा गरि सोको भौचर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखमा पेश गर्नुपर्नेछ।

ग. सम्पुर्ण विद्यालयको प्र.अ.ले यो कोषमा आवद्ध आफ्नो विद्यालयका शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको विवरण गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखमा पठाउनु पर्नेछ।

घ. यो कोषको सेवा सुविधा लिनको लागि कम्तिमा ५ वर्ष स्वास्थ्य उपचार कोषमा रकम जम्मा गरेको हुनु पर्नेछ र यो सुविधा कोषमा आवद्ध सम्बन्धीत शिक्षक, कर्मचारी र बाल विकास सहजकर्ता तथा निजको परिवारलाई एक पटक मात्र प्रदान गरिनेछ।

ङ. शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता सरुवा भई गाउँपालिका भन्दा बाहिर गएमा वा पेश छोडेको अवस्थामा निजले यो कोषमा एकमुष्ट २० वर्ष सम्मको रकम जम्मा गर्नु पर्नेछ। अन्यथा यो कोषबाट सुविधा प्राप्त हुने छैन।

च. गाउँपालिका भित्र सरुवा भई आउने शिक्षक, कर्मचारी र बाल विकास सहजकर्ताहरुले पनि यो कोषमा आवद्ध हुनु पर्नेछ।

छ. स्थायी शिक्षक, राहत, अस्थायी, करार दरबन्दीमा कार्यरत् शिक्षक, कर्मचारी र बाल विकास सहजकर्ताले गाउँपालिका भित्रको विद्यालयमा २० वर्ष सेवा गरे पछि पेश छोडेको खण्डमा पनि सो कोषबाट सम्बन्धित शिक्षक, कर्मचारी र बाल विकास सहजकर्तालाई मात्र सुविधा दिइनेछ।

ज. अवकाश हुन ५ वर्ष भन्दा कम समयावधी भएका शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुले ५ वर्षको रकम जम्मा गरी यो कोषमा आवद्ध हुन सक्नेछ।

झ. यो कोषमा गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत् सबै शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता अनिवार्य आवद्ध हुनुपर्नेछ ।

## परिच्छेद ३

४. **शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्यउपचार कोष समितिः** यो समितिमा गाउँपालिका अध्यक्षको संयोजकमा निम्नानुसारका एक संचालक समिति गठन हुनेछ ।

क. गाउँपालिका अध्यक्ष १ जना - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष १ जना - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत १ जना - सदस्य

घ. सामाजिक विकास संयोजक १ जना - सदस्य

ङ. शिक्षक महासंघको अध्यक्ष १ जना - सदस्य

च. गा.पा.को स्वास्थ्य शाखा प्रमुख १ जना - सदस्य

छ. शिक्षा अधिकृत १ जना - सदस्य सचिव

## परिच्छेद ४

५. **शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष प्रदान गरिने अवस्थाहरुः**

क. नेपाल सरकारले तोकेका गम्भिर प्रकृतिका रोगहरु ।

ख. कडा दुर्घटनामा परि शारिरीक अंगभंग भई अप्रेशन गर्नुपरेमा ।

६. **शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोषको संचालन सम्वन्धिको ब्यवस्थाः**

६.१.वि.व्य.स.को निर्णय, रोग र रोगको प्रकृति खुलेको डाक्टरको सिफारिसको आधारमा कोष संचालक समितिको बैठकले निर्णय गरी तपशिल बमोजिमका रकम प्रदान गरिनेछ ।

**तपशिलः**

क. सम्बन्धित शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता पेशमा रहँदा रु. १०,०००००। (दश लाख)

ख. सम्बन्धित शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता अवकश भए पछि रु.५,०००००। (पाँच लाख)

ग. सम्बन्धित शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताको परिवारलाई रु.३,०००००। (तीन लाख)

६.२ उपचार गराउँदा सरकारी तथा सामुदायिकअस्पतालमा मात्र उपचार गराउनु पर्नेछ र बिरामीको अवस्था हेरी समितिको निर्णय अनुसार अन्य अस्पतालमा पनि उपचार गर्न सकिनेछ।

६.३. **कोषको खाता संचालनः** शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता वा स्थ्यउपचार कोषको खाता  गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, लेखापाल तथा शिक्षा अधिकृतको संयुक्त दस्तखतमा संचालन हुनेछ।

## परिच्छेद ५

७. शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्तालाई सेवा सुविधा उपलब्ध गराउँदा अनुसूची १ बमोजिमका आवेदन समितिमा दिनुपर्नेछ।

## अनुसूची १

श्रीमान् संयोजक ज्यू, मितिः

उमाकुण्ड गाउँपालिका

प्रिती, रामेछाप ।

**विषयः शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोषबाट रकम उपलब्ध गराई पाऊँ ।**

महोदय,

प्रस्तुत विषय यस उमाकुण्ड गाउँपालिका वडा नं........... स्थित श्री ... ............................ विद्यालयको शिक्षक/कर्मचारी/बाल विकास सहजकर्ता पदमा कार्यरत् म ............................. लाई शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापन कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम विद्यालयको सिफारिस र डाक्टरको सिफारिस लगायत आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी उपचार रकम उपलब्ध गराई पाऊँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक

नामः

कार्यरत विद्यालयः

स्थायी ठेगानाः

मोबाइल नम्बरः

**प्रमाणीकरण मितिः २०७७।०३।२२**

**आज्ञाले,**
**ईश्वरी प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**